# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०३।२४ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको ।**

---

माडी-लुङ्ग्री-करिडोर सिंचाइ आयोजना, रोल्पामा कार्यरत सव-इन्जिनियर तारा श्रेष्ठले योजनाको अन्तिम बिल भुक्तानी गर्दा घुस/रिसवत माग गरेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलबाट खटिइ गएको टोलीले निज तारा श्रेष्ठलाई सेवाग्राहीसँग रू.१,००,०००।—(एक लाख) घुस बापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज सव-इन्जिनियर तारा श्रेष्ठ र डि.ई. उग्रनाघ झाले एकआपसमा मिलेमतो गरी अनेक बहाना बनाई सिंचाई योजनाको भुक्तानी दिने कार्यमा ढिलाई गरी सेवाग्राहीसँग घुस रिसवत माग गरी लिई निज सव-इन्जिनियर तारा श्रेष्ठ र डि.ई. उग्रनाघ झाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसूर गरेको देखिएकोले निजहरूलाई जनही बिगो रू.१,००,०००।—(एक लाख ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम जरिवाना र कैद सजायको मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता